# सुदूरपश्चिम प्रदेश
# मन्त्रिपरिषद बैठकको निर्णयहरु
# प्रदेश मन्त्रिपरिषद बैठक संख्याः- ३३/२०७५
# मितिः- २०७५/०९/१८ः

२०७५ साल पुस १८ गते मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय ,सुदूरपश्चिम प्रदेश , धनगढी, कैलालीमा बसेको मन्त्रिपरिषदको निर्णयः

**<u>देहायका प्रस्तावमा देहायमा लेखिए वमोजिम गर्ने</u>**

१) प्रदेश सरकार, सुदूरपश्चिम प्रदेश, मातहतका साविकका अस्पतालहरुलाई नामाकरण गर्ने विषयको सामाजिक विकास मन्त्रालयको नं. ६/८/९८-२०७५।०९।१७ को प्रस्ताव-

"मन्त्रिपरिषद्को राजनीतिक समितिमा छलफल गरी पेश गर्ने ।"

२) फाप्ला क्रिकेट मैदानको लागि जग्गा व्यवस्थापन गर्ने विषयको सामाजिक विकास मन्त्रालयको नं. ६/९/९९- २०७५।०९।१७ को प्रस्ताव-

"फाप्ला क्रिकेट मैदान निर्माणस्थलको लागि धनगढी उपमहानगरपालिका वडा नं. ३ स्थित खेलमैदानको जग्गाको स्वामित्व वा भोगाधिकार प्राप्तिका लागि नेपाल सरकार समक्ष अनुरोध गरी पठाउने ।"

३) व्यवसायिक तथा सीप विकास तालिम केन्द्, धनगढी र महेन्द्रनगरका लागि राजपत्राकिंत तृतीय श्रेणीको अस्थायी दरबन्दी स्वीकृत गर्ने विषयको सामाजिक विकास मन्त्रालयको नं. ६/१०/१००-२०७५।०९।१७ को प्रस्ताव-

"प्रस्तावमा लेखिए बमोजिम गर्ने ।"

४) प्रदेश सरकार, सुदूरपश्चिम प्रदेश मातहतका अस्पतालहरुको व्यवस्थापनको लागि अस्पताल व्यवस्थापन समिति गठन गर्ने विषयको सामाजिक विकास मन्त्रालयको नं. ६/११/१०१-२०७५।०९।१७ को प्रस्ताव-

"मन्त्रिपरिषद्को प्रशासन तथा विधेयक समितिमा छलफल गरी पेश गर्ने ।"

५) कानून तर्जुमा सुझाव समिति सम्बन्धी कार्यविधि, २०७५ लाई स्वीकृत गर्ने विषयको आन्तरिक मामिला तथा कानून मन्त्रालयको नं.२/१४/१०२/२०७५।९।१८ को प्रस्ताव–

"प्रस्तावमा लेखिए बमोजिम गर्ने ।"

६) विभिन्न योजनाहरुलाई बजेट व्यवस्थापन गर्ने विषयको भौतिक पूर्वाधार विकास मन्त्रालयको नं. ४/४/१०३/२०७५।९।१८ को प्रस्तावमा देहाय बमोजिम गर्ने -

(१) "खानेपानी, पुल, झोलुङ्गे पुल, तटबन्ध, भवन, सडक र सिचाई समेतका प्रस्तावित विभिन्न योजनाहरुलाई चालु आ.व. २०७५।७६ को भौतिक पूर्वाधार विकास मन्त्रालयको स्वीकृत बार्षिक कार्यक्रम र बजेट शिर्षक मूताविक हुने गरी भौतिक पूर्वाधार विकास मन्त्रालयले समूहिकृत गर्ने ।"

(२) "प्रकरण नं. १ बमोजिम समूहिकृत भएका योजनाहरुलाई चालु आ.व.को २०७५।७६ वार्षिक कार्यक्रम पुस्तिकामा उल्लेखित खानेपानी क्षेत्रको सि.नं. ४ को खर्च शिर्षक ३११५६, जलस्रोत क्षेत्रको सि.नं. २ को खर्च शिर्षक ३११५४, सडक क्षेत्रको सि.नं. ६ को खर्च शिर्षक ३११५१, सि.नं. २१६ को खर्च शिर्षक ३११७२, सिचाई क्षेत्रको सि.नं. ७ को खर्च शिर्षक ३११५५ र सि.नं. २०० को खर्च शिर्षक ३११५५ मा उल्लेखित बजेट रकममा थपघट गर्नु पर्ने भएमा बजेटको सिद्धान्त र मूल्यमान्यतामा प्रतिकूल नहुने गरी थप बजेटको व्यवस्था आर्थिक मामिला तथा योजना मन्त्रालयले गर्ने ।"